लुम्बिनी प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

राप्ती उपत्यका (देउखुरी), नेपाल

पत्र संख्या :- २०८२/०८३ मिति :- २०८२।१२।२६

चलानी नं. :- नेपाल सम्वत् :- ११४६

"लुम्बिनी प्रशासन जर्नल" को लागि लेख/रचना उपलब्ध गराउने अवधि थप गरिएको सम्बन्धी सूचना।

लुम्बिनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयबाट चालु आर्थिक वर्षको वार्षिक कार्यक्रम अनुसार प्रकाशन हुने "लुम्बिनी प्रशासन जर्नल" को पहिलो अर्धवार्षिक अङ्कका लागि देहायमा उल्लेखित विषयक्षेत्र तथा ढाँचामा ३ हजारदेखि ५ हजार शब्दसम्मको अनुसन्धानमूलक, तथ्यपरक, प्रायोगिक, सैद्धान्तिक अवधारणामूलक एवम् मौलिक प्राज्ञिक विषयक्षेत्रका लेख/रचनाहरु २०८३ साल बैशाख १० गते भित्र यस कार्यालयको योजना अनुगमन तथा नतिजा व्यवस्थापन शाखामा वा सोको विद्युतीय प्रति pmrms.ocmcm.lumbini @gmail.com मा उपलब्ध गराइदिनुहुन इच्छुक सबैका लागि यो सूचना प्रकाशन गरिएको छ।

१. विषयक्षेत्रहरू:

(क) सार्वजनिक प्रशासन तथा सार्वजनिक व्यवस्थापन

(ख) सार्वजनिक तथा विकास नीति

(ग) विकास प्रशासन तथा व्यवस्थापन

(घ) आर्थिक तथा सामाजिक विकास

(ङ) नेपालको अर्थतन्त्रका आयामहरु र वर्तमान चुनौती

(च) शासन प्रणाली

(छ) शासकीय सुधार

(ज) सुशासन

(झ) सार्वजनिक सेवा प्रवाह

(ञ) सार्वजनिक प्रशासनमा सदाचार, शिष्टाचार, सकारात्मक सोच

(ट) शासकीय प्रणालीमा पूर्वीय दर्शन

(ठ) अन्य समसामयिक विषय।

२. लेख/रचनाको ढाँचा:

(क) विचारमूलक लेख/रचनाको ढाँचा:

- शीर्षक (Heading),
- लेखसार (Abstract) (१५० शब्दसम्म),
- शब्दकुन्जी (Keywords) (५-७ शब्दसम्म),
- पृष्ठभूमि (Background),
- विश्लेषणात्मक प्रस्तुति (Analysis),
- निष्कर्ष (Conclusion),
- सन्दर्भ सामग्री (References)।

(ख) अनुसन्धानमूलक/तथ्यमूलक लेख/रचनाको ढाँचा:

- शीर्षक (Heading),
- लेखसार (Abstract) (१५० शब्दसम्म),
- मुख्य शब्दावली (Keywords) (५ देखि ७ शब्दसम्म),
- पृष्ठभूमि (Background),
- अध्ययनको उद्देश्य (Objective of the Study),
- सम्बन्धित साहित्यको पुनरावलोकन (Literature Review),

२०८२/१२/२६

- अध्ययन विधि (Methodology),
- तथ्याङ्क प्रस्तुती र विश्लेषण (Data Presentation and Analysis),
- प्राप्ति र विश्लेषण (Result and Analysis)
- निष्कर्ष (Conclusion),
- कृतज्ञता (Acknowledgment),
- सन्दर्भ सामग्री (References) ।

३. अन्य विषयहरूः

- जर्नलमा समावेश गरिने लेख रचना ३ हजार देखि ५ हजार शब्दसम्म (सन्दर्भ सामग्री बाहेक) हुनुपर्नेछ ।
- माथि उल्लिखित विषयक्षेत्र बाहेकका लेख/रचनाहरुलाई जर्नलमा समावेश गरिने छैन ।
- लेख/रचनामा औपचारिक सभ्य भाषाशैली प्रयोग गर्नुपर्नेछ । कुनै व्यक्ति वा समुदाय वा सम्प्रदाय विशेषको प्रतिष्ठामा आँच पुग्ने गरी लेखिएका लेख/रचना छनौट गरिने छैन ।
- राजनीतिक विचार प्रति प्रत्यक्ष झुकाव राख्ने लेख/रचना जर्नलमा समावेश गरिने छैन ।
- अन्यत्र प्रकाशन भइसकेको लेख/रचना प्रकाशन गरिने छैन ।
- अन्यत्र प्रकाशित लेख रचनाको कुनै अंश वा खण्ड हुबहु नक्कल गरेको लेख रचना समावेश गरिने छैन । तर त्यस्ता लेख रचनाको कुनै अंश वा खण्ड लेख रचनामा समावेश गर्दा तोकिएको ढाँचामा स्रोत र सन्दर्भ सामग्री अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।
- लेखक तथा सहलेखकको नाम, ठेगाना, मोबाइल नम्बर, इमेल, आबद्ध संस्थाको नाम र पद खुलाउनु पर्नेछ।
- प्रचलित कानुन, प्रदेश सरकारका घोषित नीति तथा कार्यक्रम प्रतिकूलका लेख/रचनालाई जर्नलमा समावेश गरिने छैन।
- जर्नलमा प्रकाशित लेख रचनामा व्यक्त धारणा सम्बन्धित लेखकको निजी धारणा हुनेछ । यसप्रति प्रकाशन तथा सम्पादन मण्डल जवाफदेही हुने छैन ।
- तोकिएको ढाँचा बमोजिम प्राप्त लेख/रचना मात्र प्रकाशनका लागि छनौट गरिनेछ ।
- भाषिक तथा व्याकरणीय शुद्धता कायम गर्नुपर्नेछ ।
- लेख रचनामा प्रयोग भएका प्राविधिक पदावली परिभाषित गर्नुपर्नेछ । तर विस्तृतमा व्याख्या गर्नुपर्ने पदावलीलाई Foot Note मा उल्लेख गरी परिभाषित गर्न सकिनेछ ।
- कुनै संस्था वा व्यक्तिको कुनै प्रकारको सहयोग (आर्थिक, प्राविधिक वा अन्य) बाट अनुसन्धान कार्य गरेको भए सहयोगकर्ता वा दातालाई लेखको अन्त्यमा कृतज्ञता ज्ञापन गरेको हुनुपर्नेछ ।
- सन्दर्भ सामग्रीका रूपमा उल्लेख गरिएका कृतिको तत्काल प्रचलित एपीए ढाँचा (APA Style) मा उल्लेख गर्नुपर्नेछ।
- लेख रचना नेपाली भाषामा भए कालीमाटी फन्टमा १२ प्वाइन्टको तथा अङ्ग्रेजी भाषामा भए Times New Roman फन्टमा १० प्वाइन्टको हुनुपर्नेछ तथा पृष्ठको सबैतर्फ १ इन्च मार्जिन छोडेको हुनुपर्नेछ।
- अंग्रेजी वा नेपाली दुबै भाषामा लेख रचना पठाउन सकिनेछ । नेपाली भाषाका लेख रचनामा प्राविधिक शब्द बाहेक सबै शब्दहरु नेपाली भाषामा प्रयोग गर्नुपर्नेछ ।

२०८१।१।२६

(दुर्गा प्रसाद खत्री)
वरिष्ठ शाखा अधिकृत